## छथर गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय

छथर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शुक्रवार, तेह्रथुम
कोशी प्रदेश, नेपाल

# आर्थिक ऐन, २०८१

# छथर गाउँपालिकाको आर्थिक ऐन, २०८१

गाउँसभाबाट पारित मिति :-२०८१।०३।२५

**प्रस्तावना :** छथर गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम छथर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

छथर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शुक्रवारे, तेह्रथुम कोशी प्रदेश,नेपाल

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अर्थिक ऐन, २०८१" रहेको छ।

२. यो ऐन २०८१ साल श्रावण १ गते देखि छथर गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

३. सम्पत्ती करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

४. भूमी कर (मालपोत) तथा सम्पतिकरः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमी कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

५. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर र जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ।

६. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

७. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरी सडकको प्रयोग गरे वापत अनुसूचि (५) बमोजिमको कर लगाइने र ठेक्का आवाहान गरी अधिकतम बोल कबोललाई मान्यता दिई ठेक्का लगाई असूल उपर गरिनेछ।

८. पूर्वाधार सेवा उपभोग शुल्क : गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम पूर्वाधार सेवा उपभोग शुल्क लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजीम हुनेछ।

९. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. मनोरञ्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

११. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. ट्रेकिङ, कोयोकिङ, क्यानोइंग, बंन्जी जम्पिंग, जिप्लायर र न्याफ्टिंग शुल्कःगाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइंग, बंजी जम्पिंग, जिप्लायर र न्याफ्टिंग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।ख

१४. सेवा शुल्क र दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहिबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१५. पर्यटन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१६. सिफारिस दस्तुर : गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका नागरिकको लागि कुनै पनि सिफारिस गरे वापत अनुसूची (१४) मा उल्लेख भए बमोजिम दस्तुर लिइनेछ।

१७. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति बा संस्थारूहलाई अनुसूची (१५) मा उल्लेख भए बमोजिम मालपोत कर छुट दिईनेछ।

१८. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

१९. संस्था, व्यावसाय, संघ, समिति, समुह, संजाल, मञ्च र नेटवर्क दर्ता दस्तुरः यस गाउँपालिकाले आफ्ना क्षेत्र भित्रका नागरिकहरुले संस्था, व्यावसाय, संघ, समिति, समुह, सञ्जाल, मञ्च र नेटवर्क दर्ता वापत अनुसूची (१६) मा उल्लेख भए बमोजिम दर्ता दस्तुर लिइनेछ।

सन्तविर लिम्बू
अध्यक्ष

## अनुसुची - १
(दफा ३ संग सम्वन्धित)

**घर जग्गा कर**

| क. सं | विवरण (घरको क्षेत्रफल) | आ.व. २०८१/८२ निर्धारित करको दर/प्रति वर्ग फिट | कैफियत |
|---|---|---|---|
| १. | कच्ची घर | रु.३।- | निजी जग्गाभन्दा अन्य जग्गामा वनेका घर र जग्गाको हकमा मात्र लागु हुने । |
| २. | पक्की घर १००० वर्ग फिट सम्मको लागि | रु.५।- | |
| ३. | १००० वर्ग फिटदेखि २००० बर्गफिट सम्म | रु.६।- | |
| ४ | २००० बर्गफिट देखि माथि | रु ७।- | |

## अनुसुची - २
(दफा ४ संग सम्वन्धित)

**भुमि कर (मालपोत)**

| क.सं | विवरण | आ.व. २०८१/८२ मा निर्धारित दर/प्रति रोपनी | कैफियत |
|---|---|---|---|
| १. | २० रोपनी भन्दा कमको लागि | रु ५।- | बाँझो जग्गा राख्नेको हकमा गाउँ कार्यापालिकाको निर्णय बमोजिम हुनेछ । |
| २. | २० रोपनी भन्दा माथि ४० रोपनी सम्मको लागि | रु. ७।- | |
| ३. | ४० रोपनी भन्दा माथिको लागि | रु. १०।- | |

**भुमि आयोगवाट निस्सा प्राप्तिको लागि लाग्ने शुल्क**

| क.सं | विवरण | आ.व. २०८१/८२ मा निर्धारित दर | कैफियत |
|---|---|---|---|
| १. | प्रति आना (अव्यवस्थीत वसोवासी) | रु १०००।- | |
| २. | प्रति रोपनी (छुट दर्ता) बजार क्षेत्र बाहिर | रु. ५००।- | |

सन्तविर लिम्बू
अध्यक्ष

## अनुसुची - ३
### (दफा ५ सँग सम्वन्धित)

यस आर्थिक वर्षको लागि घर वहाल कर अनिवार्य लगाइनेछ ।

"स्थानीय सवायत्त शासन ऐन २०५५" को परिच्छद ८ को दफा १३७ बमोजिम बहालमा दिएका खालि जमिन घर गोदाम ग्यारेज सेड छप्पर कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले १० प्रतिशतका दरले बहाल कर लिने छ र यसको अभिलेख राखी सम्बन्धित पक्षलाई जानकारी गराईने छ ।

क. व्यवसायिक दृष्टिकोणले बहालमा दिएको जग्गा जमीन घर गोदाम र पसल आदिको बहाल कर १० प्रतिशतका दरले असुल गरीने छ ।

ख. संघ संस्था वा कार्यलय संचालनको लागि बहाल दिएका जग्गा जमिन घर गोदाम ग्यारेज आदिमा १० प्रतिशतका दरले घर बहाल कर भाडाबाट कट्टा गरी गाउँपालिकामा बुझाउन र सम्झौतामानै सो कुरा उल्लेख गर्न सम्बधित संघ संस्था कार्यालयलाई अनुरोध गरिने छ ।

ग. गाउँपालिकाले घरधनीसंग बहालको रेकर्ड माग गर्नेछ । सो को यथार्थ लगत बहालमा बस्ने व्यक्ति वा घरधनीले नदिएमा गाउँपालिकाले आफ़नै तर्फवाट सो स्थानको बहाल निर्धारण गरी सार्वजनिक सुचना गरी असुल गरीने छ ।

घ. बहाल लिने व्यक्तिलाई बहालवाट हटाउदा घरधनिले गाउँपालिकालाई जानकारी दिए पश्चात मात्र बहालको लगत कटटा गरिने छ ।

ङ. घरधनी र बहालमा बस्ने बीच बहाल अंक समेत उल्लेख गरी सम्झौता गरीनेछ । बहाल लिने र दिने बीच कुनै एक पक्षले सम्झौता गर्न नमानेको सुचना गाउँपालिकामा प्राप्त भएमा गाउँपालिकाले सम्झौता गराउन प्रयत्न गर्ने छ ।

च. कुनै घरधनीले गाउँपालिकालाई जानकारी नगराई कर तिरेको कारणबाट जबरजस्ती बहालमा बस्ने व्यक्तिलाई हटाएमा बहालमा बस्नेको संरक्षण गरी बहालमा राख्न गाउँपालिकाले प्रयत्न गर्ने छ ।

छ. बहालकर नतिर्ने र बहाल लिएको सुचना नदिने व्यक्तिलाई कुनै पनि व्यहोराको सिफारिस गाँउपालिकाबाट गरिने छैन ।

ज. घरबहाल कर सम्बन्धमा अन्य कुनै सिफारिसको माग गरेमा, विवाद वा समस्या पर्न आएमा बहाल कर नबुझाएका घरधनीहरुको सिफारिस र उक्त समस्या समाधान गरी दिने तर्फ गाउँपालिकाले कुनै कारबाही अगाडी बढाइने छैन ।

झ. यस गाउँपालिका क्षेत्र भित्रको घर बहालको रेकर्ड लिन तथा बहाल कर असुल गर्ने कार्यका लागि गाँउपालिकाबाट आवश्यक्ता अनुसार टोली खटाइने व्यवस्था मिलाइनेछ ।

ञ घर बहाल कर सम्बन्धी गाउँपालिकाले आवश्यक सिफारिस प्रमाणित गर्न परेमा उल्लेखित कर लिएर मात्र प्रमाणित एवं सिफारिस गरिनेछ ।

ट. बहालकर स्वयं घोषणा घरधनीबाट गर्न गाउँपालिकाले आवश्यक कार्यक्रम तयार गरी लागु गर्नेछ ।

ठ. बहाल कर गाउँपालिकामा नबुझाएका घरको बहाल सम्बन्धी कुनै पनि विवाद भएमा कर असुली नभए सम्म गाउँपालिकाका तर्फबाट साक्षी रोहवर तर्फ घरधनीलाई चलाएको प्रकृयागत कारवाहीमा गा.पा.ले सहयोग पुयाउने छ ।

सन्तविर लिम्बू
अध्यक्ष

अनुसुची -४
(दफा ६ संग सम्वन्धित)

व्यवसाय कर(पूंजीको आधारमा)

१. **व्यापारीक बस्तूहरुको बार्षिक कर तथा नविकरण शुल्क**

(क) चूरोट तथा रक्सी जन्य पदार्थ, हार्डवेयर र ज्वेलर्ससंग सम्बन्धित बस्तूहरुको व्यापार व्यवसाय (मदिरा र कोल्ड डिंक्स सहितको किराना पसल समेत)

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | १ लाख देखि ३ लाख सम्म | ५००।- |
| २. | ३ लाख १ देखि १५ लाख सम्म | ७००।- |
| ३. | १५ लाख १ देखि १ करोड सम्म | ९००।- |
| ४. | १ करोड १ देखी देखि माथी | १२००।- |

ख) क्यामेरा, टेलीभिजन, चस्मा लगायतका विद्यूतिय समाग्री (सिडी प्लेयर्स, कम्प्यूटर सामाग्री समेतका व्यवसायहरु)

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | ५ लाख सम्म | ६००। |
| २. | ५ लाख १ देखि २० लाख सम्म | ८००। |
| ३. | २० लाख १ देखि १ करोड सम्म | १०००। |
| ४. | १ करोड १ देखि माथी | १२००। |

(ग) ट्याक्टर विक्री, कार जीप, अटोमोवाइल्स, मोटरपार्टस्, मोटरसाईकल, मिल, मेशिनरी, आदि

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | १ लाख सम्म ५ लाख सम्म | ५००। |
| २. | ५ लाख १ देखि १० लाख सम्म | ७००। |
| ३. | १० लाख १ देखि २० लाख सम्म | १०००। |
| ४. | २० लाख १ देखि १ करोड माथी | १५००। |

(घ) किताव, कापी तथा स्टेशनरीसँग सम्बन्धित व्यवसाय ( किराना सामान सहितको व्यवसाय समेतको हकमा)

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | १ लाख सम्म | ५००। |
| २. | ३ लाख १ देखि ५ लाख सम्म | ६००। |
| ३. | ५ लाख १ देखि २० लाख सम्म | ९००। |
| ४. | २० लाख १ देखि २५ लाख सम्म | १२००। |
| ५. | २५ लाख १ देखि माथि | १५००। |

(ङ) कृषिसंग सम्बन्धित व्यवसायको हकमा (कृषि फार्म, गाई पालन, सूंगूर पालन, बाखा पालन व्यवसाय, कृषि सामाग्री, औजार, मल, विउ, गाई दाना, चोकर, कूखूरा दाना, पशूपंक्षी, आहार)

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | १ देखि ५ लाख सम्म | ४००। |
| २. | ५ लाख १ देखि १० लाख सम्म | ६००। |
| ३. | १० लाख १ देखि २० लाख सम्म | ८००। |
| ४. | २० लाख देखि माथि | १२००। |

नोट : दुध डेरीको लागि रु.५००। शुल्क लिइनेछ ।

सन्तविर लिम्बू
अध्यक्ष

कार्यपालिकाको कार्यालय
शुक्रबारे, तेह्रथुम
कोशी प्रदेश, नेपाल

(च) शिसा, फ्रेमिङ, कार्पेट, सजावटका सामान र जनरल गुड्स आदी

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | १ लाख सम्म ५ लाख सम्म | ५००। |
| २. | ५ लाख १ देखि १० लाख सम्म | ७००। |
| ४. | १० लाख १ देखि २० लाख सम्म | ९००। |
| ५. | २० लाख देखि माथि | १२००। |

(छ) यस आर्थिक वर्षको लागि गाउँपालिका भित्र कार्यालयमा सुचनाको हक प्रयोग गरी फोटो कपी गरिदिदा देहाय बमोजिम शुल्क लिइनेछ । ठाडो निवेदन दिने निवेदन कर्ताबाट तोकिएको हुलाक टिकट शुल्क लिइनेछ ।

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १ | सुचनाको हक प्रयोग गरी फोटो कपी प्रतिपेज | १५ |
| २ | निवेदनका लागि हुलाक टिकट शुल्क | १० |

**२) थान कपडा, रेडिमेड कपडा, जुत्ता चप्पल, पुल हाउस, कस्मेटिक, टेलर्स, सैलुन, सामान्य फेन्सी आदि व्यवसाय**

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | १ लाख देखि ५ लाख सम्म | ५००। |
| ३. | ५ लाख १ देखि १५ लाख सम्म | ७००। |
| ४. | १५ लाख १ देखि ३० लाख सम्म | ९००। |
| ५. | ३० लाख १ देखि १ करोड सम्म | १५००। |
| ६. | १ करोड १ देखि माथि | २५००। |

**३. विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा:**

(क) चिकित्सक, अहेव, कवीराज, होमियोपेथिक, आर्यूवेदिक, पशू डाक्टर, भेटरीनरी, सर्जिकल लगायत स्वस्थ्य संग सम्बन्धित व्यवसायहरु

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | एम.डी., एम.वि.वि.एस डाक्टर | १०००। |
| २. | पशू डाक्टर, पशू सहायकलाई | १०००। |
| ३. | कविराज, होमियोपेथिक, आर्युवेदिक डाक्टर | १०००। |
| ४. | सर्जिकल सामान,औषधीपसल थोक थोक | १०००। |
| ५. | भिडियो एक्सरे | १०००। |
| ६. | कविराज, होमियोपेथिक, आर्यूवेदिक अहेब | १०००। |
| ७. | शारिरीक ब्यायाम सामाग्री विक्रि | १०००। |
| ८. | औषधि पसल, फामेर्शी | १०००। |

(ख) टेलि चलचित्र, बृत्तचित्र निर्माण, परामर्श सेवा, अनूसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना, प्रेस, स्क्रिन प्रिन्टर्स, आदि ।

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | १ लाख देखि ५ लाख सम्म | १०००। |
| २. | ५ लाख १ देखि १५ लाख सम्म | २०००। |
| ३. | १५ लाख १ देखि २० लाख सम्म | ३०००। |
| ४. | २० लाख १ देखि माथि | ५०००। |

*नोट : चलचित्र, टेलिचलचित्र, बृत्त चित्र निर्माणको हकमा ५ दिनको लागि रु.१०००। र सो भन्दा वढी अवधिको लागि रु.१५०० लिइनेछ ।*

सन्तविर लिम्बू
अध्यक्ष

(ग) केवल नेटवर्क सुचीकृत शुल्क

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | केवल नेटवर्क व्यवसाय | रु.१५००। |

(घ) कानुन व्यवसायी

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | बरिष्ठ अधिवक्ता | २०००। |
| २. | अधिवक्ता | १५००। |
| ३. | लेखापढी व्यवसाय | १२००। |

(ङ) लेखापरिक्षक

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | श्रेणी क लेखापरिक्षक | २५००। |
| २. | श्रेणी ख लेखापरिक्षक | २०००। |
| ३. | श्रेणी ग लेखापरिक्षक | १५००। |
| ४. | श्रेणी घ लेखापरिक्षक | १२००। |

च) अन्य सेवाहरु वा फर्म

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | बिमा एजेन्ट बिदेशी वा विदेशी सम्बन्धन प्राप्त | ७०००। |
| २. | बिमा एजेन्ट स्वदेशी | ३०००। |
| ३. | विज्ञापन ऐजेन्सी | ५०००। |
| ४. | सेयर दलाल | ५०००। |
| ५. | अभिकर्ता | २०००। |
| ६. | कानुनी फर्म | ३०००। |

(छ) निर्माण व्यवसाय तथा डोजर व्यवसाय सुचीकृत शुल्क

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | श्रेणी क र ख वर्गका निर्माण व्यवसाय | १२०००। |
| ३. | श्रेणी ग (भवन निर्माणकर्ता ठेक्केदार समेत) | ५०००। |
| ४. | श्रेणी घ निर्माण व्यवसाय | ३०००। |
| ५. | स्काभेटर सञ्चालन अनुमती शुल्क | १२०००। |

(ज) कूटानी पिसानी व्यवसायहरुको हकमा

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | कूटानी तथा पिसानी मात्र २ फेज | ४००। |
| २. | कुटानी पिसानी पेलानी ३ फेज | १०००। |

झ) घ वर्गको निर्माण व्यवसाय इजाजत शुल्क

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | इजाजत पत्र शुल्क (नयाँ जारी गर्दा) | १००००। |
| २. | नवीकरण शुल्क | २०००। |
| ३. | प्रतिलिपी शुल्क | १०००। |
| ४. | ठाँउसारी शुल्क (जाने/आउने) | २०००। |

*नोट : इजाजत पत्र जारी भएको कुनैपनि निकाय वा तहबाट ठाउँसारी इजाजत पत्र प्राप्त गरी आउने निर्माण व्यवसायहरुलाई ठाउँसारी नियमानुसार इजाजतपत्र प्रदान गरिनेछ ।*

सन्तोविर लिम्बु
अध्यक्ष

ञ) उत्पादनमुलक उद्योग अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय जस्तो: खेर गईरहेको प्लास्टीकबाट सामान निमार्ण गर्ने र फोहोरबाट मल निमार्ण गर्ने व्यवसायको हकमा रु ५०००। लिईने छ ।

ट) पर्यटन सेवा व्यवसाय :(आवास लज, होटेल फास्टफूड रेष्टूरा, रिसोर्ट, ट्राभल्स एजेन्सी, कन्फेन्स हल आदि)

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | सानो ग्रामीण स्तरको चिया पसल वा १ लाख सम्म लगानी भएको होटल | ४००। |
| ३. | १ लाख १ देखी ५ लाख सम्मको | ५००। |
| ४. | २ लाख १ देखी १० लाख सम्मको | ६००। |
| ५ | १० लाख १ देखी २० लाख सम्म | ८००। |
| ६ | २० लाख भन्दा बढि | १५००। |
| ७ | रिसोर्टहरुको हकमा | ५०००। |

(ठ) संचार सेवा, प्रसारण सेवा

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | १ लाख सम्म (१०० वाट) | ५०००। |
| २. | ५ लाख देखि १० लाख सम्म (२५० वाट) | थप २०००। |
| ३. | १० लाख भन्दा माथी (२५० देखि माथि | थप १००००। |
| ४. | एफ.एम.रेडियो प्रसारण (१०० देखि २५० वाट सम्म) | १००००। |
| ५. | २५० देखि ५००० वाटको | १५०००। |

*नोट : मोवाईल टावरको लागि प्रति टावर बार्षिक रु.५०००। कर लिईने छ ।*

**४.वित्तीय सेवा**

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | वाणिज्य बैंक | १००००। |
| २. | विकास बैंक | ९०००। |
| ३. | फाइनान्स | ९०००। |
| ४. | माइक्रो फाइनान्स | ८०००। |
| ५. | १ करोड सम्म कारोवार (वासालत) भएका सहकारी | १०००। |
| ६. | १ करोड १ देखी ५ करोड सम्म (वासालत) भएका सहकारी | ३०००। |
| ७. | ५ करोड १ भन्दा माथि (वासालत) भएका सहकारी | ५०००। |
| ८. | विमा कम्पनी | ८०००। |
| ९. | मनि ट्रान्सफर | १०००। |

*नोट: बचत तथा ऋणको कारोवार नगरी पुर्णतया कृषिमा आधारीत सहकारीका हकमा बार्षिक नविकरण शूल्क लिईने छैन । माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कूनै सिफारीस गर्नू पर्ने भएमा प्रति सिफारीस रु.५००। लाग्ने छ ।*

**५. स्वास्थ्य सेवा व्यवसाय (गौढ सरकारी अस्पताल, नर्सिङ होम, क्लिनिक तथा ल्यावहरु लगायत स्वास्थ्य सेवासंग सम्बन्धित व्यवसायहरु)**

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | २० लाख सम्म | २०००। |
| २. | २० लाख देखि १ करोड सम्म | ४०००। |
| ३. | १ करोड देखि ५ करोड सम्म | ६०००। |
| ४. | ५ करोड देखि माथी | १००००। |

सन्तविर लिम्बू
अध्यक्ष

गाउँकार्यपालिकाको कार्यालय शुक्रवारे, तेह्रथुम कोशी प्रदेश,नेपाल

कक६. कन्सलटेन्सी, तालिम तथा प्रशिक्षण सम्वन्धी व्यवसाय

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | तालिम तथा अनुसन्धान, कम्प्यूटर टाईपिङ, लगायत फोटो कपी समेत संचालन भई काम गर्ने हरुको हकमा, कम्प्यूटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्र वाट दिइने शिक्षा सेवा, कोचिङ सेन्टर तथा डान्स सेन्टर आदि। | १५००। |

## ७. मर्मत सेवा व्यवसाय

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | टेक्टर, बस, ट्रक,हेवी इक्यूवमेन्ट, कार, जीप, सवारी डेन्टिङ्ग मोटर पार्टस, मिलमेशीनरी, एयरकूलर, टायर रिसोलिङ्ग, डाईनामाईट | १५००। |
| २. | मोटरसाईकल | ८००। |
| ३. | रेडियो घडि टिभी आदि ईलेकक्टोनिक्स सामान | ७००। |
| ४. | ग्यासचूल्हो सेल्स, गाडीको पम्प, टायरटयूव पम्चर, ग्यास वल्डिङ्ग, वक्सा मर्मत गर्ने, साइकल, रिक्सा, लूगा सिउने मेशिन अन्य फोटोकपी, व्याग | ८००। |

## ८.अन्य सेवा व्यवसाय

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | वैदेशिक रोजगारीमा पठाउने संस्था, हाउजिङ कम्पनी | ५,०००। |
| २. | उद्योग, संघसस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | २,०००। |
| ३. | कलर ल्याव, फोटो स्टुडियो | १,०००। |
| ४. | घरजग्गा खरिद विक्री | ५,०००। |
| ५. | विज्ञापन सेवा | १,५००। |
| ६. | व्युटी पार्लर, केश श्रृगार, साईनवोर्ड, पेन्टिङ सैलून, नर्सरी | ६००। |
| ७. | मासू (खसी, कूखूरा, रागा, बंगूर आदि) खूद्रा विक्रेता | ७,००। |
| ८. | मासू (खसी, कूखूरा, रागा, बंगूर आदि) थोक विक्रेता | १,०००। |
| ९. | पंचेवाजा | निशूल्क |
| १०. | वैण्ड वाजा | १,०००। |
| ११. | सितभण्डार | ५,०००। |
| १३. | क्याटरीङ, टेण्ट हाउस | १,५००। |
| १५. | एग्रोभेट | १,०००। |
| १६. | कवाढी पसल | २,०००। |
| १८. | ढूवानी सेवा शाखा भएका | २,०००। |
| १९. | ढूवानी सेवा शाखा नभएको | १,५००। |
| २२. | कपडा सिलाई गर्ने मेसिन राखी टेलर्स व्यवसाय गर्ने | प्रति मेसिन ३०० |
| २३. | खाद्यान्न सम्बन्धि कांटा व्यवसाय | १,०००। |
| २४. | पेट्रोलियम पदार्थ बेच्ने पम्प | न्यूनतम रु.७,००० प्रति मेसिन थप रु १०००। |
| २५. | ग्यास विक्री डिलर | १,०००। |
| २६. | भाडा वर्तन, मनिहारी, हेल्थ केयर, कृतिम गहना, फेन्सी स्टोर, विक्रेता, सप्लायर्स, ट्रेडर्स, स्टोर | १,०००। |
| २८. | डिपार्टमेन्ट स्टोर | ४,०००। |

अध्यक्ष

छथर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शुक्रवारे, तेह्रथुम
कोशी प्रदेश, नेपाल

## अनुसुची - ५
(दफा ७ संग सम्वन्धित)

क) रुख कटान तथा खोटो, लक्कडी, अलैची, अम्लिसोतथा तरकारी निकासी गर्दा सडक प्रयोग गरे बापत सडक मर्मत सम्भार शुल्क

| सि.नं. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १ | खयर कटानी शुल्क प्रति रुख रु | ५००। |
| २ | उत्तिस कटानी शुल्क प्रति रुख रु | २५०। |
| ३ | अन्य रुख कटानी शुल्क प्रति रुख रु | २५०। |
| ४ | सल्लाको खोटो प्रति टिन. रु | १५। |
| ५ | फलफुल निकासी प्रति ट्रक | १५००। |
| ६ | फलफुल निकासी प्रति ट्याक्टर/पिक अप | ८००। |
| ७ | फलफुल निकासी प्रति मिनी ट्रक | १०००। |
| ८ | अलैची निकासी प्रति ट्याक्टर/पिक अप | १५००। |
| ९ | अलैची निकासी प्रति मिनी ट्रक | १५००। |
| १० | अम्लिसो निकासी प्रति ट्याक्टर/पिक अप | ५००। |
| ११ | अलैची निकासी प्रति ट्रक | ४०००। |
| १२ | तरकारी निकासी प्रति ट्रक | ८००। |
| १३ | तरकारी निकासी प्रति ट्याक्टर | ३००। |
| १४ | अम्लिसो निकासी प्रति ट्रक | १०००। |
| १५ | अम्लिसो निकासी प्रति ट्याक्टर/पिक अप | ५००। |
| १६ | बाँस प्रति ट्रक | २०००। |
| १७ | बाँस प्रति ट्याक्टर | ७००। |
| १८ | अम्लिसो निकासी प्रति मिनी ट्रक | ८०० |

ख) सार्वजनिक जमिनको बालुवा, गीटी, ढुङ्गा तथा मिक्स गीटी उत्खनन तथा प्रयोग सम्बन्धी कर

| सि.नं. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १ | बालुवा निकासी प्रति ठुलो ट्रक | ६००। |
| २ | बालुवा निकासी प्रति मिनी ट्रक | ५००। |
| ३ | बालुवा निकासी प्रतिट्याक्टर | ३००। |
| ४ | गीटी निकासी प्रति ठुलो ट्रक | ६००। |
| ५ | गीटी निकासी प्रति मिनी ट्रक | ५००। |
| ६ | गीटी निकासी प्रति ट्याक्टर | ३००। |
| ७ | ढूङ्गा निकासी प्रति ठुलो ट्रक | ५००। |
| ८ | ढूङ्गा निकासी प्रति मिनी ट्रक | ३००। |
| ९ | ढूङ्गा निकासी प्रति ट्याक्टर | २००। |
| १० | मिक्स गीटी निकासी प्रति ठुलो ट्रक | ५००। |

सन्तविर लिम्बू
अध्यक्ष

| | | |
|---|---|---|
| ११ | मिक्स गीटी निकासी प्रति मिनी ट्रक | ३००। |
| १२ | मिक्स गीटी निकासी प्रति ट्याक्टर | २००। |
| १३ | पशु निकासी- गाई गोरु प्रति गोटा | ६०। |
| १४ | खसी बोका प्रति गोटा | २५। |
| १५ | भैसी राँगा प्रति गोटा | ७०। |
| १६ | सुँगुर/बँगुर प्रति गोटा | ५०। |

## अनुसुची - ६
### (दफा ८ संग सम्वन्धित)

**(क) पूर्वाधार सेवा उपभोग शुल्क**

| सि.न | विवरण | प्रति पटक दर रु | आ.व. २०८१/८२ का लागि निर्धारित वार्षिक दर रु. |
|---|---|---|---|
| १ | व्याक हो लोडर, क्रेन, स्काभेटर, रोलस, ग्रेडर समेत | १०० | १२००० |
| २ | निजी तथा भाडाका ट्रिपर | १०० | ९००० |
| ३ | निजी बस, ट्रक, टयांक्टर, लहरीमा | ७० | ८००० |
| ४ | भाडाका बस, ट्रक, टयांक्टर, लहरीमा | ५० | ५००० |
| ५ | ट्याक्टर | ७० | ४००० |
| ६ | मिनि बस, मिनि ट्रक, मिनि टयाक्टर | ५० | ३००० |
| ७ | निजी कार, जीप, भेन, पिकप आदिमा | २५ | २००० |
| ८ | भाडाका कार, जीप, भेन, पिकप आदिमा | २० | १५०० |
| ९ | टेम्पो, पवर टिलर | १५ | १००० |
| १० | विदेशी नं. प्लेट भएका सि.नं.३, ४ बमोजिमका सवारी साधनको हकमा (कुटनीतिक नियोग बाहेक) | २०० | |
| ११ | विदेशी नं. प्लेट भएका सि.नं.६, ७ बमोजिमका सवारी साधनको हकमा | २०० | |
| १२ | विदेशी नं. प्लेट भएका मोटरसाईकलको हकमा | ५० | |

*नोटः छथर गाउँपालिका क्षेत्रमा स्थायी बसोवास गर्ने नागरीकको हकमा मात्र बार्षिक सवारी साधन कर लिईने छ भने अन्यका हकमा पटके सवारी साधन कर लिईने छ। छथर गाउँपालिकामा स्थायी बसोबास गर्नेका हकमा बार्षिक सवारी कर लिए पछि पटके सवारी कर लिईने छैन। र त्यस्ता करदातका लागि रु. ५०। लिई परीचय पत्र दिईने छ। जुन बार्षिक रुपमा नविकरण गर्नुपर्नेछ।*
*नोटः सरकारी गाडीहरु, कूटनैतीक नियोगका गाडीहरु, दमकल र एम्बूलेन्समा पटके सवारी कर लिन नपाईने। साथै निकासीको कर लिए पश्चात पटके छुट गरिनेछ।*

## अनुसुची - ७
### (दफा ९ संग सम्वन्धित)

**विज्ञापन कर**
छथर गाउंपालिकामा हाल व्यवसायीक हिसाबमा कुनै पनि व्यवसायिक प्रतिष्ठानहरु विज्ञापनको लागी पुग्ने सम्भावना न्युन रहेको हुंदा स्थान र आकार हेरि देहाय बमोजिमको आधारमा प्रति फुटको हिसावले विज्ञापन कर निर्धारण गरिएको छ।

| क.सं | विवरण (होर्डिंग बोर्ड) | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १. | (६ वर्ग फिट सम्मका लागि) | रु.१०। | प्रति वर्ग फिट |
| २. | होर्डिंग बोर्ड (७ वर्ग फिट देखि २५ वर्गा फिट सम्मका लागि) | रु.२०। | प्रति वर्ग फिट |
| ३. | २६ वर्गफिट देखि ५० वर्गफिट सम्मका लागि | रु.३०। | प्रति वर्ग फिट |
| ४. | ५१ वर्गफिट भन्दा माथिको लागि | रु.५०। | प्रति वर्ग फिट |

*नोट : डिजिटल विज्ञापनको सम्वन्धमा माथि उल्लेखित कर लिइने छैन।*

## अनुसुची - ८
**(दफा १० संग सम्वन्धित)**

मनोरन्जन कर : गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिम मनोरन्जन कर लिइनेछ ।

१. गाउँपालिका क्षेत्र भित्र संचालित सिनेमा हलहरुबाट कुल सिट संख्याको ३५ प्रतिशत सिटलाई पुरा सिट संख्या मानि प्रत्येक टिकटमा लाग्ने प्रवेश शुल्कको २ प्रतिशत हुने रकम मनोरञ्जन कर बापत असुल गरिनेछ । माथि उल्लेख भए बमोजिम प्रति टिकटमा मनोरञ्जन कर लिईने व्यवस्था नभए सम्मका लागि बार्षिक रु ७,०००। मनोरञ्जन करको रुपमा कर रकम लिईनेछ ।

२. सांकृतिक प्रदर्शन हल, नाच घर, दोहोरी संगीत तथा अन्य मनोरञ्जन सामाग्रि प्रदर्शनिमा प्रवेश शुल्कमा दुई प्रतिशत मनोरञ्जन कर लाग्नेछ ।

३. जादु, सकर्श, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर वापत अनुमतिका लागि गरीने सिफारीसका दस्तुरका अतिरीक्त प्रत्येक दिनको लागि रु २००। लिईने छ ।

## अनुसुची - ९
**(दफा ११ संग सम्वन्धित)**

(क) दैनिक गुद्रि/हाटबजार/साप्ताहिक हाटबजार (बहाल विरौटी) शुल्क

| सि न. | बिषय | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित कर रु. | |
|---|---|---|---|---|
| १. | माछा, मासु विक्रि सम्बन्धि | खसि बोका काटि विक्री गर्ने पसलमा प्रति गोटा | ३०। | छथर गाउँपालिकामा उत्पादन गरी बजार खर्चको रुपमा बेचविखन गर्न ल्याएका तरकारीका हकमा हाट बजार कर छुट हुने छ। |
| | | सुगुर बंगुर काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | २५। | |
| | | राँगा काटि काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | ५०। | |
| | | माछा विक्रि गर्ने पसल | २०। | |
| | | परेवा, हासँ, लोकल, बोइलर कुखुरा पसल | १५। | |
| २. | कपडा तथा जुत्ता चप्पलसँग सम्बन्धि व्यवसायमा | रेडिमेट सामान र थान कपडा विक्रि गर्ने पसलमा | १५०। | |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल ठूलो | १५०। | |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल सानो | १५०। | |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोची | ५०। | |
| ३. | तरकारी तथा फलफूलसँग सम्बन्धित व्यवसायमा | फलफूल, नास्ता ठेलामा राखि विक्री गर्ने | १०। | |
| | | | | |
| | | भारमा सव्जी ल्याई बेच्ने | १०। | |
| | | सिजन अनुसारको साग सव्जी आलु पसल ठूलोमा | १०। | |
| | | सिजन अनुसारको साग सव्जी आलु पसल सानोमा | १०। | |
| | | फलफूल सागसव्जी प्रति बयलगाडा | १०। | |
| | | फलफूल सागसव्जी प्रतिवोरा र अन्य साना फलफूल पसलमा | १००। | |
| | | पान पसल | १०। | |
| ४. | खाद्यान्नसँग सम्बन्धित | चामल, दाल, अदुवा, लसुन, खोर्सानी आदि विक्रि गर्ने पसल | १०। | गाडि प्रयोग गरि रिटेलिङ को रूपमा कारोवार गर्ने व्यावसायीको हकमा शुल्क रू १५००। तिरी आफ्नो व्यावसाय र गाडी सुचीकृत गरी मात्र व्यवसाय सन्चालन गर्ने । |
| | | मकै पोली बेच्ने | १०। | |
| | | किराना पसल | १०। | |
| | | माछा मासु तरकारी बिक्रि गर्ने | १०। | |
| | | मिठाइ पसल | १०। | |
| ५. | परम्परागत सिप सँग सम्बन्धित व्यवसाय | माटाको भाँडा बेच्ने पसल ठूलो | १०। | |
| | | माटाका भाँडा बेच्ने पसल सानो | १०। | |
| | | कूचो, कुनीया नांलो बेच्ने | १०। | |
| | | जडिबुटी विक्रि गर्ने | १०। | |
| ६. | | कपाल काट्नेलाई | १०। | |
| ७. | अन्य खुद्र पसल | | १०। | |

(ख) गाउँपालिका क्षेत्र भित्र लाग्ने दैनिक गुद्रि/हाटबजार/साप्ताहिक हाटबजारमा (अस्थायी हाट बजार र घुम्ति पसल) प्रति दिन देहायका दरले कर लाग्नेछ ।

| सि न. | बिषय | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित कर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पशुपंक्षी विक्रि सँग सम्बन्धित | जिउँदो खसि, बोका, राँगा, सुँगुर बेच्नेलाई प्रतिगोटा | २०। | |
| २. | अन्य व्यवसायसँग सम्बन्धित कर | चुरा, धागो, टीका सृंगार मनिहारी सँग सम्बन्धित | १५। | नोटः माथि नपरेको व्यवसायको हकमा गाउँपालिकाले निर्णय गरी रु.१। देखि रु.१०००। सम्म लिन सक्नेछ । |
| | | मुरली, बाँसुरी, गुलेली, थैली, जुम्रा, उडुस मार्ने औषधि बेच्ने | ५। | |
| | | खेल, तमासा देखाउने लाई | ५०। | |
| | | प्रचार, प्रसार गरी व्यवसाय गर्ने | २०। | |
| | | बाँस ट्याक्टर | १००। | |
| | | बाँस प्रति ट्रक | ३००। | |
| | | खटियामा सामान राखी बेच्ने | १०। | |
| | | भाँडाकुडा पसल | ५०। | |
| | | फोटो फ्रेमिङ्ग | १०। | |
| | | मर्मत (कुकर, लाईट, छाता आदी) | १०। | |

## अनुसुची - १०
**(दफा १२ संग सम्वन्धित)**

**पार्किङ शूल्क प्रति दिन प्रति पटक:**

क. बस, ट्रक, लरी अन्य हेभी गाडी रु. ३५।-

ख. माईक्रो,कार अन्य साना गाडी रु. २५।-

ग. विदेशी बस, ट्रक, लरी अन्य हेभी गाडी रु. ७०।-

घ. विदेशी माईक्रो, कार अन्य साना गाडी रु.५०।-

ङ. मोटरसाइकल रु. १५

*नोट : सवारी पार्किङ स्थान गाउँपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।*

## अनुसुची - ११
**(दफा १३ संग सम्वन्धित)**

**ट्रेकिङ्ग कोयोकिङ्ग, क्यानोइग, बंजी जम्पिंङ्ग र र्‍याफि्टङ्ग शुल्क**

ट्रेकिङ, कोयोकिङ, क्यानोइंग, बन्जी जम्पिंग, जिप्लायर र र्‍याफ्टिंग शुल्क रु.४०।- र १ दिन भन्दा बढी अवधिको लागि प्रति दिन रु.१०।- थप हुनेछ ।

## अनुसुची - १२
(दफा १४ संग सम्वन्धित)

**सेवा शूल्क**

| सि.नं | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. |
|---|---|---|
| १. | अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क | प्रति लाख रु. २००। |
| | आयश्रोत मूल्यांकन प्रमाणीत शुल्क | प्रतिलाख रु.२००। |
| | सार्वजनिक शौचालय प्रयोगमा | दिशा गरेको रु.१०। पिसाब फेरेको रु.५। |
| | फोहोरमैला व्यवस्थापन सेवा शुल्क तथा सडक बत्ती सेवा शुल्क (बजार क्षेत्रमा) | प्रति घर प्रति महिना रु १००। |
| | खानेपानी सेवा शुल्क | मासिक रु. ५०। |

| | | |
|---|---|---|
| २. | गाउँपालिका वा वडा कार्यालयको हल प्रयोग गरेबापत | प्रति दिन रु.१०००।- |
| ३ | गाउँपालिकाको साउण्ड सिस्टम व्यवस्थापन | प्रति दिन रु १०००। |
| ४ | गाउँपालिकाको टेंकर व्यवस्थापन | प्रति ट्याङ्कर रु १०००। |
| ५ | प्रोजेक्चर, मल्टिमेडिया व्यवस्थापन | प्रति दिन ५००। |
| ६ | गाउँपालिकालाई वस्तु तथा सेवा आपुर्ति गर्न फर्म वा कम्पनी सुचि दर्ता गरेवापत | प्रति कम्पनि फर्म रु ५००। |
| ७ | जरिवाना सडकमा लकडी राखेमा | प्रति ट्याक्टर रु. १०००। |
| ८ | जरिवाना सडकमा लकडी राखेमा | प्रति ट्रक रु. ३०००। |
| ९ | जरिवाना गोलिया | प्रति गोलिया रु. २०। |
| १० | जरिवाना निर्माण सामग्री सडकमा राखेमा | प्रति व्यक्ति प्रति पटक रु. ५००। |

## अनुसुची - १३
### (दफा १५ संग सम्वन्धित)

**पर्यटन शुल्क :**
यस आर्थिक वर्षको लागि गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय क्षेत्रमा प्रवेश गरेवापत प्रति व्यक्ति रु.१५ ।- पर्यटन शुल्कको रुपमा असुल उपर गरिनेछ ।

## अनुसुची - १४
### (दफा १६ संग सम्वन्धित)

क. सिफारीस दस्तुर

| सि.नं | विषय | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | घर र जग्गा सम्बन्धि सिफारीस | मोही नामसारी तथा मोही बाँडफाँड सिफारीस | २००। | |
| | | जग्गा नामसारी सिफारीस | २५०। | |
| | | मोही लगत कट्टा सिफारीस | १००। | |
| | | अपुताली सिफारीस दस्तुर | १००। | |
| | | चार किल्ला सिफारीस | १००। | |
| | | निवेदन दस्तुर | १०। | |
| | | पक्की घर प्रमाणीत | १०००। | |
| | | कच्ची घर प्रमाणीत | १००। | |
| | | बसोवास प्रमाणीत | १००। | |
| | | व्यवसायिक घर कोठा खोल्ने | १००। | |
| | | आवासिय घर कोठा खोल्ने, घर नामसारी | १००। | |
| | | हकभोग तथा जोतभोग तथा छुट दर्ता सिफारीस | १००। | |
| | | उद्योग सम्बन्धि घरमा आगलागि | १००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | साना घरेलु उद्योगमा आगलागि सिफारीस | १२०। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | मझौला उद्योगमा आगलागि सिफारीस | १०००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | ठूला उद्योगमा आगलागि सिफारीस | १५००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | सर्वसाधारणको घर टहरामा आगलागि सिफारीस | निशुल्क | |
| | | नक्सा पास किताव दस्तुर | ५००। | लागु भएको अवस्थामा |
| | | संघसंस्थाको बैक खाता खोल्दा | ५००। | |
| | | नाम, उमेर थर लगायत संसोधन | २००। | |
| | | व्यवसाय प्रमाण पत्र दस्तुर | २५०। | |
| | | पक्की घर कायम सिफारीस वा घर | ७५० वर्गफिट सम्मको घरमा | सो भन्दा माथिको |

| सि.नं | विषय | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| | | निमार्णधिन रहेको सिफारीस | ३।०। | हकमा प्रति वर्ग फुट रु. १। प्रारम्भ देखि |
| | | टिनको छाना भएको कच्की घर कायम सिफारीस | ३००। | जति क्षेत्रफल भए पनि |
| | | कच्ची घर सिफारीस | १२०। | |
| | | तिनपुस्ते खुल्ने सिफारीस | १२०। | |
| २ | नागरीकता सँग सम्बन्धित सिफारीस | नागरीकता प्रमाणपत्र सिफारीस | १२०। | |
| | | नागरीकता सर्जिमिन | १२०। | |
| | | नागरीकताको प्रतिलिपी | ३००। | |
| | | अंगीकृत नागरीकता | १०००। | |
| | | बैवाहीक अंगीकृत नागरकिता सिफारीस | ५००। | |
| ३ | पंजिकरणसँग सम्बन्धि प्रमाणीत सिफारीस | विवाह दर्ता / प्रमाणीत | २००। | |
| | | जन्म दर्ता / प्रमाणीत | २००। | |
| | | मृत्यु दर्ता / प्रमाणीत | १००। | |
| | | बसाईसराई दर्ता / प्रमाणीत | १०००। | |
| | | प्रतिलिपी शुल्क | ५००। | |
| | | सम्बन्ध विच्छेद दर्ता शुल्क | ५००। | |
| | | अविवाहीत प्रमाणीत | ५००। | |
| ४ | व्यक्तिसँग सम्बन्धित सिफारीस | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस स्थायी बसोवास भएका लागी | ३००। | |
| | | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस छथर गापा मा स्थायी बसोवास नभएको हकमा | ६००। | |
| | | नेपाली पेन्सन पट्ट बहाकका लागि गरेको जुनसुकै सिफारीस | ५००। | |
| | | भारतिय पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | १०००। | |
| | | अन्य देशका पेन्सन बहाकको हकमा | १५००। | |
| | | कृषि संग सम्बधित सिफारीसको हकमा | १००। | |
| | | बैदेशीक रोजगारीमा मृत्यू हूनेको सिफारीस | निशूल्क | |
| | | व्यवसाय बन्द सिफारीस | १००। | |
| | | पसल कोठामा आगजनी भएको | निशूल्क | |
| | | नाता प्रमाणीत नेपालीमा | २५०। | |
| | | नाता प्रमाणीत अंग्रेजीमा | ६००। | |
| | | सबै प्रकारका अंग्रेजी सिफारीस | ६००। | |
| | | विक्री गर्ने प्रयोजनका लागि मात्र | २००। | |
| | | सहूलीयत काठको सिफारीस | २५०। | दाउराको प्रयोजन भए प्रति ट्याक्टर रु २५०। |
| | | अन्य माथि उल्लेख नभएका सिफारीस | १००। | |
| | | विद्यूत सिफारीस | २००। | सकूम्वासी समेतको हकमा । |
| | | बोधीचित्त / दाना प्रतिकेजी | २५०। | सिफारिस प्रयोजन |

सन्तविर लिम्बू
अध्यक्ष

ख) अमिनबाट गरीने सबै प्रकारका सिफारीसहरु

| सि.नं | विषय | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १. | माग निवेदनको आधारमा जग्गा छुट्याउने काम | १ रोपनि सम्मको | २५०। | घर बनाउन किचलो परी जग्गा छुट्याउनू परेमा थप रु. ३००। |
| | | १ रोपनि देखि माथी ५ रोपनि सम्म | २५०। | |
| | | ५ रोपनि माथी १० रोपनि सम्म | ३००। | |
| | | १० रोपनि माथि २० रोपनि सम्म | ३५०। | |
| | | २० रोपनि देखि माथी | ५००। | |
| २. | दूरी प्रमाणीत लगायतका अन्य अमिनसंग जोडिएका सिफारीसहरु | बैकिङ प्रयोजनका लागी | ५००। | |
| | | सर्बसाधारण संग जोडीएका सिफारीस | ३००। | |
| | | किचलो परी आएको हकमा | ३००। | |
| | | माथि उल्लेखीत बाहेकको हकमा | २५०। | |

ग) उद्योग लगायतका सिफारीसहरु

| सि.नं. | विषय | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | उद्योग दर्ता सिफारीस | चउचाउ, विष्कूट, पाउरोटी, भुजीया उद्योग | १०००। | |
| | | सलाई, चप्पल, धातु उद्योग, ग्यारेज | १०००। | |
| | | प्लाई उद्योग | २०००। | |
| | | सस उद्योग | २०००। | |
| | | कपडा उद्योग | १०००। | |
| | | बरफ उद्योग | १०००। | |
| | | काष्ठ उद्योग | १५००। | |
| | | स मिल सहितको काष्ठ उद्योग | २२००। | |
| | | फर्निचर मात्र | १०००। | |
| | | पेट्रोल पम्प | १००००। | |
| | | मट्टितेल डिलर | २०००। | |
| | | स्टेशनरी उद्योग | १५००। | |
| | | डिस्टीलरी उद्योग | ५०००। | |
| | | हल्का पेय पदार्थ | ३०००। | |
| | | प्लाष्टीक उद्योग | ५०००। | |
| २. | उद्योग दर्ता सिफारीस | ग्रील उद्योग | २०००। | |
| | | गलैचा, गामेन्ट उद्योग | २०००। | |
| | | ईटा उद्योग आधुनीक भट्टा जडित | १००००। | |
| | | ईटा तथा टायल आधुनीक यन्त्र जडान नगरीएको | १५,०००। | |
| | | पशू आहार | १०००। | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रेश बाहेक प्रेन्टीङ | १५००। | |
| | | जुस उद्योग | १०००। | |
| | | चूरोट विडी | ५०००। | |
| | | बेतबांस फर्निचर | ५००। | |
| | | लुब्रिकेन्ट उद्योग | १५०००। | |
| | | माथि उल्लेख नगरीएका उद्योगहरुको हकमा | १००० देखि ५०,०००गाउँपालिकाले तोके वमोजिम | |

(घ) निजी शिक्षण संस्था बार्षिक नविकरण शुल्क

| सि.नं. | विषय विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १. | पूर्व प्राथमिक | ५०००। | |
| २. | आधारभुत | ८०००। | |
| ३. | माध्यमिक | १५०००। | |
| ४. | क्याम्पस | २००००। | |
| ५. | प्राविधिक शिक्षण संस्था | १५०००। | |
| ६. | शिक्षक सरुवा मा.वि. | २०००। | |
| ७. | शिक्षक सरुवा आ.वि. | १५००। | |
| ८. | कक्षा थप | ७०००। | |
| ९. | स्तर बृद्धी सिफारीस | ७०००। | प्रति विषय |
| १०. | स्थाई /अस्थायी करार शिक्षक नियक्ति मा.वि. | २०००। | |
| ११. | स्थाई /अस्थायी करार शिक्षक नियक्ति आ.वि. | १५००। | |

(ङ) घरबाटो प्रमाणीत (अंशवण्डा, हकछोड्ने (सरकारी प्रयोजनका लागि मात्र) परिवार भित्र नामसारी, बकस, दाईजो आदिको हकमा) सार्वजनिक अनुदान वा यस्तै प्रकारका अन्य

| सि.नं | विषय विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १. | ५ रोपनि सम्मको | १५०। | |
| २. | ५ देखि १० रोपनि सम्मको | १७०। | |
| ३. | १० रोपनि देखि ५० रोपनि सम्मको | २५०। | |
| ४. | ५० रोपनि देखि माथी | ३००। | |

च) घरनक्सा बनाउने ईन्जिनियरी कन्सलटेन्सी

| सि. नं. | विषय विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | व्यवसाय दर्ता/नवीकरण शुल्क | रु.१०,०००। | |

सन्तविर लिम्बु
अध्यक्ष

कछ) घरबाटो प्रमाणीत (राजिनामा/विक्री प्रयोजनका लागि)

| सि.नं. | विषय विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | शुक्रबारे बजार केन्द्र देखि २ कि.मि भन्दा बाहिरको सबै जग्गाको हकमा | ३००। | |
| २ | शुक्रबारे बजार केन्द्र देखि २ कि.मि. भित्रको जग्गाको हकमा | | |
| | १ रोपनी सम्म | ५००। | |
| | १ रोपनी देखि ५ रोपनी सम्म | ७००। | |
| | ५ रोपनी देखि १० रोपनी सम्म | ९००। | |
| | १० रोपनी देखि २० रोपनी सम्म | १००० | |
| | २० रोपनी देखि माथि सबै ५०० | १२००। | |

*गुठी जग्गाको विक्री प्रयोजनका लागि गरीने सिफारीसमा न्यूनतम रु. ३०० घर प्रतिरोपनी घर भए प्रतिकोठा रु.१२५।*

(ज) घरनक्सा पास दस्तुर

| सिनं | विषय | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | घर नक्सा पास दस्तुर | १००० बर्गफूट सम्म नक्सा पास गर्दा प्रतिवर्गफूट | २। | |
| | | १००१ बर्गफूट १५०० सम्मको लागि प्रतिवर्गफूट | ३। | |
| | | १५०१ देखि २५०० बर्गफूट सम्मको लागि | ४। | |
| | | २५०१ बर्गफूट देखि ४००० बर्गफुट सम्मको लागि | ५। | |
| | | ४००१ बर्गफुट भन्दा माथि जतिसुकै भएपनि | ६। | |
| | | पर्खाल प्रति रनिङ्ग फिट | ७। | |
| | | काठको घर वा टाँडे घर प्रति वर्ग फुट | २। | |
| | | भुँईतलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको प्रतिवर्गफुट | ३.००। | |
| २ | घर नक्सा नामसारी दस्तुर | १००० वर्गफिट सम्मको घर नक्सा नामसारी | ५००। | |
| | | १०००१ देखि २००० वर्गफूट सम्मको घर नक्सा नामसारी | ५००। | |
| | | २००१ देखि ३००० वर्गफूट सम्मको घर नक्सा नामसारी | ७००। | |
| | | ३००१ देखि ४००० बर्ग फुट सम्मको | १०००। | |
| | | ४००१ देखि ५००० बर्ग फुट सम्मको | १२००। | |
| | | ५००१ बर्गफुट भन्दा माथि प्रति बर्गफुट | रू ०.५०। | |

(क) घर जग्गा धनीको मृत्यु भई प्रचलित कानून बमोजिम एका सगोलका परीवारमा नामसारी गर्नू पर्दा १००० बर्गफिट सम्मको घरमा रु. १०००। सो भन्दा माथि जतिसुकै भए पनि रु.२०००। लिईने छ।

(ज) अन्य दस्तुर

| सि.नं | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | घर नक्सा निरीक्षण दस्तुर | ५००। | |
| २ | घर नक्सा सर्जमिन दस्तुर | ५००। | |
| ३ | लेआउट दस्तुर | २००। | |
| ४ | सार्वजनिक पूर्वाधार मर्मत दस्तुर | २००। | |
| ५ | थ्रिफेज लाईन जडान सिफारीस | ५००। | |
| ६ | खानेपानीको धारा जडान | २०० | |
| ७ | सिनेमा हल खोल्ने सिफारीस | १०००० | |
| ८ | मेला,सर्कस अनुमति सिफारीस | १००० | |
| ९ | जुनसुकै प्रकारका सरजमिन | ३०० | |

| | | | |
|---|---|---|---|
| १० | टेलीफोन जडान सिफारीस | १२० | |
| ११ | माथि उल्लेख नभएका दस्तुरको रकम | [illegible]०० | |
| १२ | नक्सा पास सम्बन्धी प्रमाणपत्रको [illegible] | [illegible]०० | |
| १३ | घरको नक्साको प्रतिलिपी | ५०० | |
| १४ | अन्य प्रमाण-पत्र | ३०० | |

(झ) बैंक खाता खोल्ने सिफारिस शुल्क (योजना तथा आयोजना निर्माण समितिको लागि)

| सि.नं | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित शुल्क रु. | कै |
|---|---|---|---|
| १ | आयोजनाको बजेट रकम रु १,००,०००। सम्म | १००। | |
| २ | आयोजनाको बजेट रकम रु १,००,००१। देखि ५,००,०००। सम्म | २००। | |
| ३ | आयोजनाको बजेट रकम रु ५,००,००१। देखि १०,००,०००। सम्म | ५००। | |
| ४ | आयोजनाको बजेट रकम रु १०,००,००१। देखि २०,००,०००। सम्म | १,०००। | |
| ५ | आयोजनाको बजेट रकम रु २०,००,०००। भन्दा माथि | २,०००। | |

## अनुसुची - १५
**(दफा १७ संग सम्वन्धित)**

**कर छुट तथा जरिवाना**

**कर छुट**

यस आ.व को लागि कर छुट गरिएको छैन ।

**जरिवाना**

व्यवसाय शुल्क तथा अन्य समयमा बुझाउनुपर्ने शुल्क समयमा नबुझाएका जरीवाना १ आर्थिक बर्ष सम्म २५ प्रतिशत सो पछि प्रत्यक वर्ष शुल्कको जम्मा शुल्कमा २५ प्रतिशत जरिवाना लाग्ने छ ।

सन्तविर लिम्बू
अध्यक्ष

(अनुसूची-१६)

(दफा १९ संग सम्बन्धित)

यस आ.व.को लागि गाउँपालिका भित्र व्यवसाय, समुह, समिति र संघ दर्ता तथा आवद्दता गर्दा देहाय बमोजिमका शुल्क लिइनेछ ।

| सि.नं. | विवरण | आ.व. २०८१/८२ का लागि निर्धारित दर्ता/आवद्दता शुल्क रु. |
|---|---|---|
| १ | १ देखि ३ लाख सम्म | १०००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | १५००। |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | २०००। |
| ४ | १० लाख १ देखि २० लाख सम्म | २५००। |
| ५ | २० लाख १ देखि ५० लाख सम्म | ५०००। |
| ६ | ५० लाख १ देखि १ करोड सम्म | ७०००। |
| ९ | १ करोड १ देखि ५ करोड सम्म | १५०००। |
| १० | ५ करोड १ देखि माथि | २००००। |
| १२ | नीजि क्याम्पस | ४०,०००। |
| १३ | नीजि विद्यालय | १०,०००। |
| १४ | मन्टेश्वरी, नीजि पार्क, संग्राहालय | ५,०००। |
| १५ | डिजेल, पेट्रोल पम्प | १०,०००। |
| १६ | विकास बैंक | १००००। |
| १७ | बाणिज्य बैंक | १००००। |
| १८ | सहकारी संस्था, | ५०००। |
| १९ | फाइनान्स कम्पनि | ८०००। |
| २० | मनी ट्रान्सफर | ५०००। |
| २१ | विमा व्यावसाय | ५०००। |
| २२ | जग्गा प्लटिङ व्यावसाय, निर्माण व्यावसाय, | १००००। |
| २३ | एफ.एम. सेवा | १००००। |
| २४ | स्थानीय टेलिभिजन सेवा | १००००। |
| २५ | केवल नेटवर्क, इन्टरनेट सेवा प्रदायक संस्था | ५०००। |
| २६ | समुह, समिति, नेटवर्क | १०००। |

**नोट** : आ.व. २०८१/८२ भन्दा अघि संञ्चालन भएका तर व्यावसाय दर्ता नगरेको व्यावसायीहरुले आगामी आ.व. मा दर्ता गर्दा बार्षिक कर दोब्बर लाग्नेछ ।

**नोट** : आगामी आ.व. २०८१/८२ मा सम्पत्ति कर लागु गर्न पर्ने तर हाल सम्म सम्पत्ति कर सम्बन्धि अध्ययन प्रक्रियामा रहेको र प्रक्रिया सम्पन्न भई लागु भएपछि यस आर्थिक ऐनमा रहेको मालपोत तथा घरजग्गा सम्बन्धी कर स्वत खारेज हुनेछ ।

**नोट** : अनुसुची १ देखि १६ सम्म उल्लेखित यस गाउँपालिकाबाट आ.व. २०८१/८२ का लागि प्रस्ताव गरिएको उल्लेखित रकमहरु सोहि बमोजिम लागु हुनेछन । सो भित्र नसमेटिएको र अन्य प्रचलित कानुन बमोजिम हुनुपर्ने हकमा संघीय र प्रदेश कानुन बमोजिम हुनेछ । संघीय र प्रदेश कानुनसँग बाझिएमा सो नै लागु हुनेछन ।

सन्तविर लिम्बू
अध्यक्ष